# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स. : ०७९/०८०
च.न. :

☎ ०१०-५६००६३
☎ ०१० ५६०४६९
०१०-५६०३२१( कृषि)


## धानको उन्नत बीउ माग गर्ने सम्बन्धि सुचना

दोस्रो पटक सुचना प्रकाशित मिति: २०७९/१२/२४

प्रस्तुत विषयमा यस विदुर नगरपालिकाको आ.व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम"** अन्तर्गत ५०% अनुदानमा धानको उन्नत जातको बिउ वितरणका लागि माग संकलन गर्नुपर्ने भएकाले यस विदुर नगरपालिका भित्रका बिउ माग गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फार्महरु/ तथा अन्य कृषि पेशा संग सम्बन्धित सबै ले यो सुचना प्रकाशन भएको मितिले ७ दिन (२०७९/१२/३० गते) भित्र तपसिलका कागजातहरु सहित विदुर नगरपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

कार्यक्रमको विवरण :

| क्र.स | उन्नत धानको बिउको प्रकार | उन्नत धानका जातहरु | उन्नत बिउ प्रति के.जी (अधिकतम मूल्य रु) | उन्नत बिउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान |
|---|---|---|---|---|
| १. | मसिना तथा बास्नादार तथा खुमल श्रंखलाका जातहरु | लक्का बासमती, सुगन्धित धान-१, खुमल -४, खुमल १०, खुमल ११, खुमल १२, खुमल १३, खुमल १४, | रु ९० -कृषकको पर्न सक्ने रु. ४५-५० | अधिकतम मूल्य (रु प्रति के.जी ) का आधारमा बिउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ को दफा १० को उपदफा ५को खण्ड (छ),(ज),तथा (झ) अनूसार कायम हुने मुल्यको ५०% अनुदान |
| २ | मसिनो जात | रामधान, हर्दिनाथ १, हर्दिनाथ ६, सवा मन्सुली सब -१ | रु ६० -कृषकको पर्न सक्ने रु. ३०-३५ | |
| ३ | अन्य जातहरु | राधा ४, राधा ७, राधा ११, बहुगुणी १, बहुगुणी २ ,लोकतन्त्र, सुक्खा सिरिज १ देखि ६, सावित्री, मकवानपुर-१, | रु ५५ -कृषकको पर्न सक्ने रु. २८-३२ | |

<u>आवश्यक कागजातहरु</u>

१. बिउको आवश्यक परिमाण र जात खुल्ने गरि कार्यक्रम मागको निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. कृषक समूह सहकारीको हकमा दर्ताप्रमण पत्र करचुक्ता तथा नविकरण र फर्म को हकमा दर्ता कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि।
४. समूह तथा सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि (सहभागीको नामावली, क्षेत्रफल र बिउ माग परिमाण खुल्ने गरि )।
५. धान लगाउने क्षेत्रफल/ स्वामित्व खुल्ने जग्गाको कागजातको प्रतिलिपि।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

**थप जानकारीको लागि :**
विदुर नगरपालिका कृषि विकास शाखा ९८४२५९५०५२ , ९८४३९३७८११

..................
विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत